चिचिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक उपस्थिति

बैठक मितिः २०८१/१०/२४ बैठक सङ्ख्याः ०९
बैठक प्रारम्भ समयः ११:०० बजे बैठक समापन समयः ०१:०० बजे

आज मिति २०८१/१०/... गते बसेको गाउँ कार्यपालिका बैठकको उपस्थिति यस प्रकार रहेको छः-

| क्र.सं. | पद | दर्जा | पदाधिकारीको नाम, थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १। | अध्यक्ष | अध्यक्ष | पासाङ नुर्बु शेर्पा | | |
| २। | सदस्य | उपाध्यक्ष | मनकला राई | | |
| ३। | सदस्य | वडाध्यक्ष | पूर्ण कुमार राई | | |
| ४। | सदस्य | वडाध्यक्ष | दिनेश कुमार राई | | |
| ५। | सदस्य | वडाध्यक्ष | जित बहादुर राई | | |
| ६। | सदस्य | वडाध्यक्ष | बाल कुमार तामाङ | | |
| ७। | सदस्य | वडाध्यक्ष | चन्द्रवीर राई | | |
| ८। | सदस्य | सदस्य | राजेन्द्र घले | | |
| ९। | सदस्य | सदस्य | इन्द्र बहादुर राई | | |
| १०। | सदस्य | सदस्य | पुष्पा राई | | |
| ११। | सदस्य | सदस्य | जुल्मी राई | | |
| १२। | सदस्य | सदस्य | तारा कुमारी विश्वकर्मा | | |
| १३। | सदस्य-सचिव | प्र.प्र.अ. | सन्तोष राई | | |
| १४। | आमन्त्रित सदस्य | कम्प्युटर अपरेटर | उमेश घले | | |

CamScanner

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक निर्णय

| | | | |
|---|---|---|---|
| बैठक मितिः | २०८१/१०/२४ | बैठक सङ्ख्याः | ०९ |
| बैठक प्रारम्भ समयः | ११:०० बजे | बैठक समापन समयः | ०१:०० बजे |

---

आजका दिन बसेको यस कार्यपालिका बैठकले कार्यसूचीका आधारमा छलफलबाट गरिएका सर्वसम्मत निर्णयहरूको मुख्य व्यहोरा निम्न बमोजिम छन्:

१. अघिल्लो कार्यपालिका बैठकको निर्णयहरूको समीक्षा गरियो ।

२. चिचिला गाउँपालिकाको रोजगार संवाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ स्वीकृत गर्ने ।

३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम नयाँ उद्यमी सिर्जना कार्यक्रमका लागि वडा नं.१ र वडा नं.४ मा मिति २०८१/११/१० गतेदेखि घरधुरी सर्वेक्षण~~का~~ गर्ने ।

४. यसअघिको कार्यपालिका बैठकको निर्णयानुसार खाँदबारीमा मात्र सञ्चालन गर्ने निर्णय बमोजिम सञ्चालनमा रहेको चिचिला गाउँपालिकाको प्र.१.०२.००१ झ ००२ नम्बरको एम्बुलेन्स गाउँपालिकाको केन्द्र चिचिलाबाटै सञ्चालन गर्ने ।

५. चिचिला गाउँपालिकाको स्वामित्वमा रहेको प्र.१-०२-००१ ग ०३०० नम्बरको ब्याकलोडरको गत आ.व. २०८०/०८१ र चालु आ.व. २०८१/०८२ को आय व्यय देहाय बमोजिम स्वीकृत गर्ने ।

(क) आ.व.२०८०/०८१

| आय | | व्यय | | कै. |
|---|---|---|---|---|
| गाउँपालिकाको काम | | इन्धन | १०,००,३३९।- | |
| निजी काम | रु.४,५३,४४०।- | मर्मत | रु.३५०,०००।- | |

(ख) आ.व.२०८१/०८२

| आय | | व्यय | | कै. |
|---|---|---|---|---|
| गाउँपालिकाको काम | | इन्धन | रु.१४,५०,०००।- | |
| निजी काम | | मर्मत | रु.४,२९,३८४।- | |

चिचिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल
## कार्यपालिका बैठक निर्णय

बैठक मितिः २०८१/१०/२४ बैठक सङ्ख्याः ०९
बैठक प्रारम्भ समयः ११:०० बजे बैठक समापन समयः ०१:०० बजे

६. चिचिला गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८१ र प्रतिवेदनले सिफारिस गरेको संगठन संरचना, दरवन्दी स्वीकृत गर्ने र गाउँसभामा स्वीकृतिका लागि पेश गर्ने ।

७. चिचिला गाउँपालिकामा मिति २०८१/०८/०७ गते स्थापना गरिएको कपडा वैंकमा हालसम्म संकलित कपडाहरू वितरण गर्ने सम्वन्धमाः-

(क) दाताहरूको नाम सहितको अभिलेख राख्ने,
(ख) संकलित कपडाको परिमाण र साईज यकिन गर्ने,
(ग) परिमाण र साईज यकिन गरेपछि मात्र सम्वन्धित वडा कार्यालयहरूले लाभग्राहीको नाम सिफारिस गर्ने, र
(घ) सिफारिसको आधारमा कपडा वैंकले अभिलेख राखी कपडा वितरण गर्ने ।

८. आदिवासी जनजाति उत्थान कार्यक्रम सम्वन्धमा देहाय बमोजिम रकम स्वीकृत गर्ने ।

| क.सं. | प्रस्तावदाताको नाम | प्रस्तावित रकम (रु.हजारमा) | प्रस्तावित कार्यक्रमको विवरण | स्वीकृत रकम |
|---|---|---|---|---|
| १. | तमु प्ये लु संघ, चिचिला गाउँपालिका कार्य समिति | १०० | तमु ल्होसार पर्व मनाउने प्रयोजनका लागि । | १ लाख रुपैयाँ मात्र |
| २. | याम्फु किराँत समाज, चिचिला गाउँ कार्य समिति | ११०० | याम्फुहरूको वेद वेल्लाम तथा मुन्धुममा आधारित पुस्तक प्रकाशन । | १ लाख ५० हजार रुपैयाँ मात्र । |

चिचिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल
## कार्यपालिका बैठक निर्णय

बैठक मितिः २०८१/१०/२४ बैठक सङ्ख्याः ०९
बैठक प्रारम्भ समयः ११:०० बजे बैठक समापन समयः ०१:०० बजे

| | | | | |
|---|---|---|---|---|
| १०. | खालिङ राई समाज | | | ५० हजार मात्र |
| ११. | नेपाल तामाङ घेदुङ संघ, चिचिला गाउँ कार्य समिति | | | ५० हजार मात्र |

९. चिचिला गाउँपालिका वडा नं.३ को पुखुवादेखि वडा नं.१ र २ हुँदै खाँदवारीसम्म बस सेवा सञ्चालन गर्ने सम्बन्धमा सम्बन्धित वडाका वडाध्यक्षहरू लगायत जनप्रतिनिधिहरू, स्थानीय टोल विकास संस्थाका प्रतिनिधिहरू र स्थानीय बुद्धिजीवीहरू लगायत सरोकारवालाहरूले मिति २०८१/११/१० गते चिचिला गाउँपालिका वडा नं.१ स्थित तेलुवामा छलफल गरी टुङ्गो लगाउने ।

१०. चिचिला गाउँपालिका वडा नं.३, फाकादाम बस्ने श्री कमल राईले निजको पत्नी श्री कला गुरुङको प्रसुति गराउनका लागि जिल्ला अस्पताल, खाँदवारीसम्म गाउँपालिकाको वागमती प्रदेश ०१-००२ झ ६०७५ को एम्बुलेन्स प्रयोग गरेको र सोवापत रु.५,०००।–(पाँच हजार रुपैयाँ मात्र) बुझाएकोमा गाउँपालिकाबाट सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक व्यक्तिलाई एकतर्फी भाडा निःशूल्क सुविधा दिँदै आएको हुँदा उक्त रकम निजलाई फिर्ता गर्ने ।

११. यस अघिको परिपत्र बमोजिम चिचिला गाउँपालिका वडा नं.१ स्थित तेलुवामा मिति २०८१/११/१० गते एकीकृत नागदह धुँवाछाँगा क्षेत्र विकास समिति समेत गठन गर्ने ।

१२. चिचिला गाउँपालिका वडा नं.३ स्थित फ्याउरेडाँडामा निर्माण सम्पन्न भएको किराँत सामुदायिक भवनको सुरक्षा, संरक्षण, सांस्कृतिक संग्रहालयको रूपमा

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, संखुवासभा

कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक निर्णय

| | | | |
|---|---|---|---|
| बैठक मितिः | २०८१/१०/२४ | बैठक सङ्ख्याः | ०५, |
| बैठक प्रारम्भ समयः | ११:०० बजे | बैठक समापन समयः | ०१:०० बजे |

---

विकास, उपयोग र व्यवस्थापन गर्ने गरी तदर्थ समिति चिचिला गाउँपालिका वडा नं.३ को वडा समितिले गठन गर्ने ।

१३. चिचिला गाउँपालिका वडा नं.२ मा स्थापित हिमालयन अर्थोडक्स चिया सहकारी संस्था र विदिङ्ग कृषक जागरण कृषि सहकारी संस्थाका सम्बन्धमा हालसम्म पनि उक्त सहकारी संस्थाहरू सक्रिय नभएको तथा कागजातहरू उपलब्ध नगराएको हुँदा आवश्यक कानूनी कारबाहीका लागि पुनः परिपत्र गर्ने र सो परिपत्र बमोजिम समेत सक्रिय नभएको खण्डमा आवश्यक कानूनी कारबाहीका लागि प्रक्रिया अगाडि बढाउने ।

१४. चिचिला गाउँपालिका वडा नं.२ स्थित आहालेमा स्थापित आहाले आधारभूत स्वास्थ्य इकाईको कार्यालय सञ्चालनका लागि ऐ.ऐ.बस्ने श्री रिन्जिन शेर्पाले छ महिनाका लागि निःशुल्क घर उपलब्ध गराएकोमा चार वर्षसम्म निजले उपलब्ध गराएको घरमै कार्यालय सञ्चालन भएको हुँदा निजलाई चार वर्षको घरभाडा बापत एकमुस्ट रु.२२,०००।-(बाईस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।

१५. चिचिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत श्री जोशना गुरुङले राजीनामा दिएको हुँदा रिक्त पदमा पदपुर्तिका लागि विज्ञापन गर्ने ।

१६. न्यायिक समितिले उजुरीको कारबाही किनारा तथा फैसला कार्यान्वयन गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धी विधेयक, २०८१ गाउँसभामा पेश गर्ने ।

१७. तह वृद्धि सिफारिस समितिको मिति २०८१/०९/२५ गतेको सिफारिस बमोजिम गाउँ कार्यपालिकाको कार्यालयमा स्थानीय प्रशासन समूह, लेखा उपसमूह अन्तर्गत सहायकस्तर पाँचौं तहको पदमा कार्यरत श्री प्रकाश महताराले प्रचलित कानून बमोजिम तहवृद्धिका लागि आवश्यक न्यूनतम योग्यता पूरा गरेको देखिएको हुँदा निजलाई मिति २०८१/१०/०३ देखि लागू हुने गरी स्थानीय सेवा ऐन, २०८० को दफा २७(३) बमोजिम समान सेवा समूह तथा उपसमूहको लेखा अधिकृत, अधिकृतस्तर छैटौंको तहको पदमा तह वृद्धि गर्ने ।

पाना ५ को पाना ५